# प्रदेश आर्थिक ऐन, २०८३

लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

# प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना:-** आर्थिक वर्ष २०८३/८४ को प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणाली व्यवस्थित गर्दै राजस्व सङ्कलन , बाँडफाँड र राजस्व प्रशासन सम्बन्धी प्रचलित कानुनी व्यवस्थालाई संशोधन गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश आर्थिक ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **घरजग्गा लगायतको रजिष्ट्रेसन शुल्कः** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा रजिष्ट्रेसन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क र दस्तुरको सङ्कलन रजिष्ट्रेसनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ।

तर प्रदेश तथा स्थानीय तहबाट सङ्कलन को व्यवस्था नभएसम्म सङ्घीय आर्थिक ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐन बमोजिमको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मासिक रूपमा प्रदेश सञ्चित कोष र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) भूमि प्रशासन कार्यालयबाट पारित हुने लिखतमा लिइने रजिष्ट्रेसन शुल्क लगायतको मूल्याङ्कन सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**<u>स्पष्टीकरणः</u>** यस ऐनको प्रयोजनको लागि "भूमि प्रशासन कार्यालय" भन्नाले भूमि प्रशासन सम्बन्धी कार्यसम्पादन गर्न स्वीकृति प्राप्त स्थानीय तहलाई समेत बुझिनेछ।

(४) उपदफा (२) बमोजिमको राजस्व बाँडफाँडको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(५) यस दफामा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएका विषयमा भूमि प्रशासन निर्देशिका, २०८१ (संशोधन सहित) वा प्रचलित भूमि प्रशासन सम्बन्धी अन्य सङ्घीय र प्रदेश कानुन बमोजिम हुनेछ।

३. **<u>सवारी साधन कर, सवारी सम्बन्धी शुल्क, दस्तुर तथा जरिबानाः</u>** (१) प्रदेशभित्र सवारी साधन कर अनुसूची-२ को खण्ड (क) बमोजिम लगाइने र असुल गरिनेछ।

(२) सवारी सम्बन्धी शुल्क, दस्तुर तथा जरिबाना अनुसूची -२ को खण्ड (ख) बमोजिम लगाइने र असुल गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सवारी साधन कर सङ्कलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको दस्तुर, शुल्क र जरिबाना सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सञ्चित कोष र चालीस प्रतिशत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सूत्र बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा बाँडफाँड गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्नेछ।

(६) प्रदेशभित्र सवारी सम्बन्धी प्रचलित कानुनको उल्लङ्घन गर्ने सवारी तथा सवारी चालकबाट असुल गरिएको दण्ड जरिबाना बापतको रकम सम्बन्धित ट्राफिक प्रहरी कार्यालयले नियमित रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको मासिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(७) यस दफा बमोजिमको सवारी साधन कर, शुल्क, दस्तुर तथा जरिबाना लगायतको प्रशासन प्रदेश सरकारले गर्नेछ।

४. **<u>मनोरञ्जन कर:</u>** (१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची- ३ बमोजिम कर लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको कर सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ र त्यस्तो सङ्कलित कर स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी साठी प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नुपर्नेछ।

(३) यस दफा बमोजिमको करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(४) करदाताले बुझाउनु पर्ने कर अनुसूची-३ को खण्ड (क) को हकमा मासिक रूपमा, खण्ड (ख) को हकमा अनुसूचीमा तोकिए बमोजिम र खण्ड (ग) को हकमा अनुमति लिंदाको बखत सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको मनोरञ्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दस प्रतिशत र सो अवधिभित्र पनि कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसहित त्यस्तो रकम असुल गर्नुपर्नेछ।

५. **<u>विज्ञापन करः</u>** (१) विज्ञापन सामग्री बापतको कर सम्बन्धित स्थानीय तहले कानुन बमोजिम निर्धारण गरी असुल गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलित करको साठी प्रतिशत स्थानीय सञ्चित कोष र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) यस दफा बमोजिमको करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

६. **<u>कृषि आयमा करः</u>** (१) कृषि आयमा अनुसूची-४ बमोजिमको कर असुल गरिनेछ।

(२) आर्थिक वर्ष २०८३/८४ मा स्वयम् घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा कर लगाइने र असुल गरिनेछ। यस दफा बमोजिम लगाइने कर प्रदेश सरकार अन्तर्गतका कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा आयको स्वयम् घोषणा गरी दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दाखिला गरेको कर कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको करको प्रशासन प्रदेश सरकारले गर्नेछ।

७. **<u>पर्यटन शुल्क</u>**ः (१) कुनै व्यक्ति, संस्था, कम्पनी वा निकायलाई पर्यटनसँग सम्बन्धित व्यवसायको दर्ता, इजाजतपत्र तथा नवीकरण र पर्यटकीय स्थल प्रवेशमा अनुसूची-५ बमोजिम शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क पर्यटन विषय हेर्ने मन्त्रालयले तोकेको निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क सम्बन्धी प्रशासन प्रदेश सरकारले गर्नेछ।

८. **<u>प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्कः</u>** (१) प्रदेशभित्र ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, भस्कट, माटो र दहत्तर बहत्तरको सङ्कलन मा अनुसूची-६ बमोजिम शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले यस ऐनमा उल्लिखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको आधारमा समेत त्यस्ता वस्तु बिक्री गर्न सक्नेछ।

(३) माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा जस्ता वस्तुको उत्खनन् र दहत्तर बहत्तरको सङ्कलन , प्रशोधन वा बिक्री वितरण गर्दा प्रचलित कानुन उल्लङ्घन गरेको पाइएमा अनुसूची-७ बमोजिम जरिबाना लगाइने र असुल गरिनेछ।

(४) यस दफा बमोजिमको शुल्क र जरिबाना सम्बन्धित स्थानीय तहले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(५) यस दफा बमोजिमको रकमको साठी प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा दाखिला गर्नुपर्नेछ।

९. **<u>वातावरणीय सेवा शुल्कः</u>** (१) प्रदेशभित्रका सिमेन्ट उद्योगबाट उत्पादित सिमेन्ट निष्कासन गर्दा प्रतिबोरा (पचास के.जी.) मा एक रूपैयाँको दरले वातावरणीय सेवा शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क र सोको विवरण सिमेन्ट उद्योगले सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा मासिक रूपमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलित रकम घरेलु तथा साना उद्योग कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण

मासिक रूपमा तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नदिजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धुलो, ग्राभेल उत्पादन गर्ने उद्योगमा अनुसूची-८ बमोजिमको वातावरणीय सेवा शुल्क लगाइने र असुल गरिनेछ। यस्तो शुल्क सम्बन्धित उद्योग दर्ता रहेको घरेलु तथा साना उद्योग कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) प्रदेशभित्र प्लाष्टिकजन्य वस्तुहरूको प्रयोग गर्ने उद्योगहरुबाट अनुसूची-९ मा तोकिए बमोजिमको दरमा घरेलु तथा साना उद्योग कार्यालयले वातावरणीय सेवा शुल्क सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिमको शुल्क प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र दाखिला गर्नुपर्नेछ।

१०. **निर्माण सामग्री परीक्षण (प्रयोगशाला) सेवा शुल्क:** प्रदेश सरकार मातहतका निकायहरुबाट प्रदान गरिने निर्माण सामग्री परीक्षण (प्रयोगशाला) सेवा शुल्क अनुसूची-१० बमोजिम हुनेछ ।

११. **राजस्वको बाँडफाँड र दाखिला:** (१) यस ऐनमा उल्लिखित दफा २, ३, ४, ५ र ८ को अधिनमा रही प्रदेश र स्थानीय तहको साझा अधिकार भएका कर, शुल्क तथा दस्तुरबाट सङ्कलित राजस्वको रकम प्रदेश तथा स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिम बाँडफाँड गरी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(२) स्थानीय तहमार्फत सङ्कलन र बाँडफाँड हुने साझा अधिकार भएका कर, शुल्क तथा दस्तुर सम्बन्धित स्थानीय तहले प्रदेशको हिस्सा उपदफा (१) बमोजिम बाँडफाँड गरी प्रदेश सञ्चित

कोषमा दाखिला नगरेमा सो बराबरको रकम प्रदेश सरकारले स्थानीय तहलाई राजस्व बाँडफाँड गरिने रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

१२. <u>दर घटाउन, बढाउन वा छुट दिन सकिनेः</u> (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यस ऐन र अन्य कानुन बमोजिम लगाइएका शुल्क, दस्तुर वा करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क, दस्तुर वा करमा आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ र त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क, दस्तुर वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेस गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क, दस्तुर वा कर रकम असुल गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१३. <u>प्राइभेट तथा साझेदारी फर्म र पर्यटन व्यवसाय सम्बन्धी विशेष व्यवस्थाः</u> (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८१/८२ सम्म वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका प्रचलित कानुन बमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेकका प्राइभेट तथा साझेदारी फर्मले आर्थिक वर्ष २०८३/८४ भित्र विवरणसहित नवीकरण वा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाग्ने जरिबाना रकमको पचहत्तर प्रतिशत छुट हुनेछ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मदिरा तथा सुर्तिजन्य बाहेकका अन्य जुनसुकै उद्योग दर्ता तथा नवीकरणमा आर्थिक वर्ष २०८३/०८४ मा शतप्रतिशत छुट हुनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा नवीकरण नभएका पर्यटन व्यवसाय तथा पर्यटन पथप्रदर्शकले त्यस्तो व्यवसाय नवीकरणको लागि संवत् २०८३ पुस मसान्तसम्म निवेदन दिएमा अनुसूची-५ बमोजिमको नवीकरण शुल्क र जरिबानाको पचास प्रतिशत रकम दाखिला गरेमा नवीकरण गर्न सकिनेछ।

(४) प्रचलित कानुन बमोजिम इजाजतपत्र लिई सञ्चालनमा रहेका पर्यटनसँग सम्बन्धित शाखा कार्यालयको नवीकरण गर्दा दर्ता सरहको दस्तुर लिनु पर्नेछ।

१४. **वन पैदावार तथा वन क्षेत्रको नदीजन्य पदार्थको शुल्क लगाउने र बाँडफाँड सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट कटान सङ्कलन भई बिक्री वितरण हुने काठ दाउराको बिक्रीबाट उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीमा देहाय बमोजिम सेवा शुल्क वापतको रकम सामुदायिक वन उपभोक्ता समूहले मासिक रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछः-

(क) समूहको आफ्ना सदस्यहरुबाट प्राप्त आम्दानीमा पाँच प्रतिशत,

(ख) समूह बाहिरबाट प्राप्त आम्दानीमा पच्चीस प्रतिशत।

(२) निजी वनको जडिबुटी व्यवसायिक रुपमा बिक्री गर्दा प्रदेश वन नियमावलीमा तोकिएको मूल्यदरको तीन प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) कबुलियती वनबाट व्यवसायिक रुपले वन पैदावार बिक्री गर्दा प्रदेश वन नियमावलीले तोकेको मूल्यदरको तीन प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) वन पैदावार आपूर्ति समितिबाट बिक्री भएको वन पैदावारको बाह्य बिक्रीसरह प्रदेश वन नियमावलीमा तोकिएको मूल्यदरको पच्चीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा रकम दाखिला गर्नुपर्नेछ।

(५) सामुदायिक वन क्षेत्रभित्र सञ्चालनमा रहेका उद्यान, पार्क, पिकनिक स्थल, मिनी-जु जस्ता पर्या-पर्यटन स्थलहरुमा प्रवेश शुल्कको पच्चीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(६) साझेदारी वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना बमोजिम वन क्षेत्रबाट सङ्कलन तथा उत्पादन भई डिभिजन वन कार्यालयलाई प्राप्त हुने काठ दाउराको बिक्रीबाट प्राप्त रकम र चक्ला वन व्यवस्थापनबाट उत्पादन भएको काठ दाउराको बिक्रीबाट प्राप्त रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(७) प्रदेशका सबै प्रकारका राष्ट्रिय वन क्षेत्रबाट सङ्कलन भई बिक्री वितरण हुने जडिबुटी तथा गैर काष्ठ वन पैदावारमा प्रचलित कानुनमा तोकिएको मूल्यदर बमोजिमको रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(८) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक तथा साझेदारी वनक्षेत्रमा रहेका खोलाखोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानुन बमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको

बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ र बाँकी रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको पच्चीस प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र पचहत्तर प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(९) यस दफा बमोजिम सङ्कलन तथा बाँडफाँड भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा मासिक रूपमा पठाउनु पर्नेछ।

**१५. <u>यसै ऐन बमोजिम हुने:</u>** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा उल्लेख भएका कर, शुल्क र दस्तुर लगायतका विषयको हकमा यसै ऐन बमोजिम हुनेछ।

**१६. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः</u>** प्रचलित कर सम्बन्धी कानुन तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद् तथा महामारीको कारणले उल्लिखित कानुनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानुन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएका बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**१७. <u>प्रदेश सरकारले तोके बमोजिम हुने:</u>** (१) यस ऐनमा उल्लेख भए बाहेकका सेवा वापत लिइने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

## अनुसूची-१
### (दफा २ को उपदफा (१) सँग सम्बन्धित)
### घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

(क) घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्कः

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | उप-महानगरपालिका | न.पा. क्षेत्र र रासी उपत्यका (देउखुरी) क्षेत्र | गाउँपालिका |
| १. | **राजीनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र र दर्ताफारी प्रति लिखतको थैली अङ्कमा** | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत | ४.५% | ४% | २% |
| | (ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाइ (फ्ल्याट/ अपार्टमेन्ट) को लिखत | ३% | २% | १% |

| | | | | |
|---|---|---|---|---|
| | (ग) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखत | ४.५% | ४% | २% |
| २ | **छोडपत्र र दर्ताफारी लिखत** | | | |
| | (अ) तीन पुस्ताभित्र | हालै देखिको बकसपत्र सरह | | |
| | (आ) तीन पुस्ताबाहिर | राजीनामा सरह | | |
| ३. | **हालैदेखिको बकसपत्रको लिखतको थैली अङ्कमाः-** | | | |
| | (क) तीन पुस्ताभित्र | | | |
| | अ. एकलाख रुपैयाँसम्म | १% | १% | ०.५% |
| | आ. एकलाख रुपैयाँभन्दा माथि जतिसुकै | २% | २% | १% |
| | (ख) अन्य बकसपत्र र दानपत्र | १५% | १५% | १०% |
| | <u>**स्पष्टिकरण**</u>: यस प्रयोजनको लागि सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | | |
| ४. | **अंशबण्डा, अंश भरपाई र अंशछोडपत्रको लिखतको थैली अङ्कमा** | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) तीस लाख रुपैयाँसम्म | ०.२% | ०.२% | ०.२% |
| | (ख) तीस लाख रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म | ०.५% | ०.५% | ०. ५% |
| | (ग) दुई करोड रुपैयाँभन्दा माथी | १% | १% | १% |
| ५ | **बेजिल्ले बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था** | | | |

| | **लिखतको प्रकार** | **रजिष्ट्रेसन दस्तुर** | **बेजिल्ले/बेइलाकाको लिखत पारित वापतको थप शुल्क** |
|---|---|---|---|
| | (क) अंशबण्डा, अंशभरपाई र अंशछोडपत्र बाहेकका सबै प्रकारका लिखत | जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमि प्रशासन कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनुपर्ने। | प्रदेशभित्र वा प्रदेश बाहिरका जिल्लाको लिखत पारित गर्दा यस आर्थिक ऐन बमोजिम असुल भएको रजिष्ट्रेसन शुल्क, सेवा शुल्क, रोक्का दस्तुरको दस प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने भूमि प्रशासन कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर |

| | | | | |
|---|---|---|---|---|
| | | | | संलग्न हुनु पर्नेछ। यो रकम भूमि प्रशासन कार्यालयले प्रदेश सरकारले तोकेको खातामा एक मुष्ठ रूपमा जम्मा गर्नुपर्नेछ। |
| | (ख) अंशवण्डा, अंशभरपाई र अंशछोडपत्रको लिखत | | | नलाग्ने |
| ६. | **मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत** | | | |
| | (क) मानो छुट्टिएको | रु. ११०००/- | रु. १००००/- | रु. ५०००/- |
| | (ख) मानो जोडिएको | रु. ११०००/- | रु. १००००/- | रु. ५०००/- |
| ७. | **शेषपछिको बकसपत्र/अष्टलोहको लिखत पारित तथा संशोधन, बदर वा रद्द प्रति लिखत** | | | |
| | (क) शेषपछिको बकसपत्र/अष्टलोहको लिखत | | | |
| | (अ) तीन पुस्ताभित्र | रु.७०००/- | | |
| | (आ) तीन पुस्ता बाहिर | रु.१२०००/- | | |

| | | | | |
|---|---|---|---|---|
| | (ख) सर्त संशोधन, बदर वा रद्द गर्दाको लिखत | | | |
| | (अ) सर्त संशोधन | रु.१२००/- | रु.१०००/- | रु.५००/- |
| | (आ) बकसपत्र रद्द | रु.१७००/- | रु.१५००/- | रु.१०००/- |
| ८. | **बन्धकीको लिखत**<br>क) व्यक्ति व्यक्तिबीच भएको दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैलीअङ्कमा | १% | १% | १% |
| | ख) अचल सम्पत्ति फलोपभोग (युजुफ्रुक्ट) प्रति लिखत | रु.८००/- | रु.७००/- | रु.५००/- |
| ९. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको प्रति लिखत | रु.२०००/- | | |
| १०. | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामा प्रति लिखत | १% | | |
| ११. | **गुठी दर्ता तथा गुठी नवीकरण प्रति मिसिल** | | | |
| | (क) गुठी दर्ता | रु.३५००/- | | |
| | (ख) गुठी नवीकरण | रु.१०००/- | | |

| | | | | |
|---|---|---|---|---|
| १२. | **घर बहाल लिखतको थैली अङ्कमा** | ४.५% | ४% | ३% |
| | <u>**स्पष्टीकरण**</u>: घर बहाल लिने दिने बीचमा हुने लिखत पारित गर्दा पहिलो महिनाको घर बहाल रकमलाई थैली अङ्क मानिनेछ। | | | |
| १३. | **अन्य जुनसुकै प्रकारको लिखत** | | | |
| | (क) रकम खुलेको लिखतमा थैली अङ्कको | २.५% | २% | १% |
| | (ख) थैली अङ्क नखुलेको लिखतमा प्रति लिखत | रु.६,०००/- | रु.५,०००/- | रु.३,०००/- |

(ख) सेवा शुल्कः

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | **डोर माग गर्ने निवेदनमा डोर शुल्क** | | | |
| | (क) तराई क्षेत्र | रु.१००००/- | रु.७०००/- | रु.३०००/- |
| | (ख) अन्य क्षेत्र | रु.७०००/- | रु.३०००/- | रु.२०००/- |
| २. | **वित्तीय धितो नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैङ्क, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतको थैली अङ्कमा** | | | |
| | (क) एक लाख रुपैयाँसम्म | रु. १०००/- | रु. १०००/- | रु. १०००/- |
| | (ख) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | रु. १५००/- | रु. १५००/- | रु. १५००/- |
| | (ग) पाँच लाख रुपैयाँ भन्दा बढी दस लाख रुपैयाँसम्म | रु. २५००/- | रु. २५००/- | रु. २५००/- |

| | | | | |
|---|---|---|---|---|
| | (घ) दस लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | रु. ३०००/- | रु. ३०००/- | रु. ३०००/- |
| | (ङ) बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | रु. ५०००/- | रु. ५०००/- | रु. ५०००/- |
| | (च) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | रु. २००००/- | रु. २००००/- | रु. २००००/- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म | रु. ३००००/- | रु. ३००००/- | रु. ३००००/- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | रु. ६५०००/- | रु. ६५०००/- | रु. ६५०००/- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी दस करोड रुपैयाँसम्म | रु. १०००००/- | रु. १०००००/- | रु. १०००००/- |
| | (ञ) दस करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म | रु. १५००००/- | रु. १५००००/- | रु. १५००००/- |
| | (ट) पच्चिस करोड रुपैयाँभन्दा बढी जतिसुकै | रु. २०००००/- | रु. २०००००/- | रु. २०००००/- |

| | | | | |
|---|---|---|---|---|
| | (ठ) ऋण नवीकरण वा अन्य प्रयोजनका लागि घरजग्गा रोक्का भए नभएको यकीन गर्न | रु.१०००/- | रु.१०००/- | रु.१०००/- |
| ३. | **सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा** | सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (संशोधन सहित) बमोजिमको दस्तुर लाग्नेछ। | | |
| ४. | **जग्गाधनी दर्ता स्रेस्ता वा जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपीको शुल्क (प्रति स्रेष्ता वा पुर्जा)** | | | |
| | (क) जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि | रु.५००/- | रु.३००/- | रु.२००/- |
| | (ख) जग्गाधनी स्रेस्ताको प्रमाणित प्रतिलिपि | रु.५००/- | रु.३००/- | रु.२००/- |
| | (ग) जग्गाधनी प्रमाण पुर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा | नलाग्ने | | |
| | <u>**नोट**</u>ः पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम प्रतिपृष्ठमा दश रुपैयाँको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ । | | | |

| | | | | |
|---|---|---|---|---|
| | तर कुनै सरकारी निकायले प्रमाणका लागि स्रेष्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपी माग गर्दा प्रतिलिपी शुल्क लाग्दैन । | | | |
| ५. | **दाखिल खारेज शुल्क (थैली अङ्कमा)** | | | |
| | (क) अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिला खारेज (अंश र अपुताली बाहेक) | ४.५% | ४% | २% |
| | **<u>नोटः</u>** यो बमोजिम दाखिला खारेज गर्दा भूमि प्रशासन कार्यालयले साविकमा करारनामाको लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्दछ। | | | |
| | (ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको अन्य फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा (अंश र अपुताली बाहेक) | २.५% | २% | १% |
| | (ग) अदालत वा अन्य न्यायिक निकायबाट अंश वा अपुताली सम्बन्धमा भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज गर्दा थैली अङ्कमा | अंशको हकमा यस अनुसूचीमा उल्लेख भएको अंशबण्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| | (घ) बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा | ४.५% | ४% | २% |
| | (ङ) बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितोको लिलाम गर्दा व्यक्तिले सकार नगरी धितो जमानीकर्ताको नामबाट बैङ्क वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.१००००/- | | |
| | (च) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानीकर्ता वा निजका | २% | २% | १% |

| | | | | |
|---|---|---|---|---|
| | हकदारलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | | |
| | (छ) भूमि प्रशासन कार्यालयबाट जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड वा मोही नामसारी गर्दा प्रति मिसिल | नलाग्ने | | |
| | (ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.३०००/- | रु.१०००/- | रु.५००/- |
| | (झ) शेषपछिको वकसपत्रको दाखिला खारेज गर्दा (थैली अङ्कमा) | | | |
| | (अ) तीन पुस्ता भित्र | बकस सरह | | |
| | (आ) तीन पुस्ता बाहिर | राजीनामा सरह | | |
| ६. | **नामसारी प्रति मिसिल** | | | |
| | (क) तीन पुस्ताभित्र | रु.२५००/- | रु.२०००/- | रु.१५००/- |
| | (ख) तीन पुस्ताभन्दा बाहिर | रु.४०००/- | रु.४०००/- | रु.१५००/- |
| ७. | **हाल साविक** | रु.१५००/- | रु.१५००/- | रु.५००/- |

| | | | | |
|---|---|---|---|---|
| | (क) पुनः नापजाँच पछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल, | | | |
| | (ख) दर्ता हुन बाँकी जग्गाको हाल साविक गर्दा प्रति मिसिल | रु.२०००/- | रु.२०००/- | रु.१०००/- |
| | (ग) दर्ता हुन बाँकी जग्गाको दर्ता स्रेष्ता कायम गर्दा | नलाग्ने | | |
| ८. | **स्रेस्ता पूर्जामा घर कायम तथा घर पाताल जनाउने प्रति मिसिल** | | | |
| | (क)स्रेस्ता पुर्जामा घर जनाउने प्रति निवेदन | रु.२५००/- | रु.२५००/- | रु.१०००/- |
| | (ख) स्रेस्ता पुर्जामा घर पाताल गर्दा | रु.५००/- | रु.५००/- | रु.५००/- |
| ९. | **संशोधन शुल्क**<br>मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा प्रति मिसिल | रु.१०००/- | रु.१०००/- | रु.५००/- |

**(ग) रोक्का दस्तुरः**

| सि.नं. | लिखतको प्रकार | रोक्का दस्तुर दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १ | (क) यस अनुसूचीको खण्ड (ख) सेवा शुल्क को सि.नं. २ बमोजिम बन्धकी लिखत रजिष्ट्रेसन भएकोमा सोही बमोजिम सेवा शुल्क लाग्नेछ ।<br>तर यस खण्ड बमोजिमको रोक्का दस्तुर भने लाग्ने छैन।<br>**(ख) यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको सि.नं. २ बमोजिम बन्धकी लिखत रजिष्ट्रेसन भएकोमा बाहेकको रोक्का राख्ने निकायको पत्रमा उल्लेख भएको ऋण अङ्कमाः** | | | |
| | (अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.५००/- | रु.५००/- | रु.३००/- |
| | (आ) एक लाख रुपैयाँभन्दा बढी पाँचलाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.१०००/- | रु.१०००/- | रु.३००/- |
| | (इ) पाँचलाख रुपैयाँभन्दा बढी दस लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.१५००/- | रु.१५००/- | रु.१०००/- |

| | | |
|---|---|---|
| | (ई) दश लाख रूपैयाँमाथिको ऋण अङ्कमा | यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको **सि.नं. २** बमोजिम लिखत पारित गर्नुपर्नेछ र सोही बमोजिम सेवा शुल्क लाग्नेछ। |
| | **<u>स्पष्टीकरणः</u>** कुनै सरकारी निकायले रोक्का प्रयोजन उल्लेख गरी वा नगरी कुनै व्यक्ति वा निकायको नाममा रहेको घरजग्गा रोक्का राख्न लेखी पठाएमा यस अनुसूची बमोजिम कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | |
| २ | सम्बन्धित निकायबाट प्लानिङ्ग परमिट लिई आवासीय वा व्यावसायिक क्षेत्रमा घर, घरजग्गा व्यवसाय गर्ने कम्पनीले आफ्नो वा अन्य कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा कित्ताकाट गर्दा प्रति मिसिल | रू. २५०००/- |

**(घ) विविध**

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, सौर्य उर्जा, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छी पालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। सोको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णय प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमि प्रशासन कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नुपर्नेछ । |

| | |
|---|---|
| | तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साबिकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर र सोही बराबरको जरिबानासमेत असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नुपर्नेछ। |
| २. | सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले एकभन्दा बढी व्यक्ति मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेसन दस्तुरमा पूर्ण छुट हुनेछ ।<br>सोको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णय प्रतिलिपि र राजस्व छुट दिने सम्बन्धी भूमि प्रशासन कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नुपर्नेछ ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर र सोही बराबरको जरिबाना असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नुपर्नेछ। |
| ३. | प्रदेश भित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा पचास |

| | |
|---|---|
| | प्रतिशत छुट हुनेछ। सोको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णय प्रतिलिपि र राजस्व छुट दिने सम्बन्धी भूमि प्रशासन कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नुपर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साबिकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नुपर्नेछ। |
| ४. | (क) कृषि ऋणको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेसन शुल्क पूर्ण रूपमा छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि र सोही विषयमा भूमि प्रशासन कार्यालयको नाममा लेखिएको सिफारिस पत्रसमेत पेस गर्नुपर्ने छ। छुट सुविधा लिई प्राप्त गरेको कृषि ऋण उद्देश्य विपरीत प्रयोग भएको छ भनी साबिकमा छुटका लागि सिफारिस गर्ने निकायको किटानी सिफारिसका आधारमा भूमि प्रशासन कार्यालयले साबिकमा रहेको बन्धकी रोक्का फुकुवा भएका बखत उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर र सोही बराबरको जरिबानासमेत असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नुपर्नेछ।<br>तर सेवा शुल्क रू. १०००/- लाग्नेछ। |

| | |
|---|---|
| | (ख) कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष तथा सामाजिक सुरक्षा कोषले नियमित बचत जम्मा गर्ने सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ र नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट *नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका कर्मचारीहरुले ऋण लिँदा धितोको धितो बन्धक लिखत पारित गर्दा समेत रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।<br>तर सेवा शुल्क रु. ५००/- लाग्नेछ। |
| ५. | (क) सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यबीच ऋण लगानी/प्रवाह गर्दा दश लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क बाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड "ख" सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | (ख) यो ऐन प्रारम्भ भएपश्चात् बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन। |

*प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८३/०४/०१ को निर्णयद्वारा संशोधित ।

| | |
|---|---|
| ६. | जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन र २०८२ भाद्र २३ र २४ को जेन-जी प्रदर्शनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा मातापिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ।<br>तर यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेस गर्नुपर्नेछ। |
| ७. | (क) र (ख) वर्गका अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । |
| ८. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बाबु-आमा विहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखत र शेषपछिको बकस पत्र दाखिला खारेज गर्दा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर एकल महिलाको हकमा पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु.१००/- रजिष्ट्रेसन शुल्क लाग्नेछ। |

| | |
|---|---|
| | (ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट हुनेछ। यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमि प्रशासन कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नुपर्नेछ ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साबिकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले त्यस्तो जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नुपर्नेछ। |
| ९. | भूमिहीन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का शुल्क व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ । |
| १०. | यस अनुसूची बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एक मात्र छुट दिइनेछ। |
| ११. | यस अनुसूची बमोजिम हुने कामका लागि "तीन पुस्ता" भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, दिदी-भिनाजु, बहिनी, बहिनी-ज्वाई, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाइ, सासु, ससुरा, |

| | |
|---|---|
| | जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी ज्वाइँ, नातिनीबुहारी, काका, काकी, मामा, माइजू, भान्जा, भान्जी, ठूलोबुवा, ठूलीआमा (बाबुतर्फका), आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी, छोरी, ज्वाइँ, फुपू, फूपा, भदा, भदै, भदाबुहारी, भदैनी ज्वाइँबीच हुने कारोबारलाई जनाउँदछ र यो शब्दले धर्मसन्तानलाई आफ्नै सन्तानसरह मानी यसमा उल्लिखित नाता सम्बन्ध समेतलाई बुझाउँदछ । |
| १२. | सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी संस्थाले संस्थाको प्रयोजनको लागि (कार्यालय तथा सेवा केन्द्रको भवन निर्माण कार्य) पहाडी वा हिमाली क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा शतप्रतिशत छुट हुनेछ। यसका लागि सहकारी संघ संस्थाका नियामक निकायहरु.मध्ये सहकारीको कार्यक्षेत्रको आधारमा स्थानीय तह वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागको सिफारिस पत्र पेस गर्नुपर्नेछ।<br>तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेसन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै किसिमबाट दाखिल खारेज भएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसका आधारमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नुपर्नेछ र बचत तथा ऋण सहकारी संस्थाको हकमा यो छुट लागू हुने छैन। |

| | |
|---|---|
| १३. | एउटै कारोबारमा दशलाख रुपैंयाँदेखि पचास लाख रुपैंयासम्म थैली रकम भएको घरजग्गा खरिद वा बिक्री गर्दा ऋणी धनीले कुनै पनि बैकिङ्ग उपकरणको माध्यमद्वारा कारोबार गर्नुपर्नेछ । तर सो भन्दा माथिको थैली रकमको हकमा क्रेताले बैङ्कबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) चेक वा बैङ्क ग्यारेन्टी वा ई-पेमेण्ट भएको प्रमाण वा राष्ट्र बैङ्कको निर्देशन बमोजिमका अन्य प्रमाणको प्रतिलिपी पेस गरेपछि वा विक्रेताको नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचरको प्रतिलिपी पेस गरेपछि मात्र भूमि प्रशासन कार्यालयले लिखत पारित गर्नुपर्नेछ। |
| १४. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेसन दस्तुर छुट दिईनेछ। |
| १५. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत रहेको कुनै एक सरकारी निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत रहेको अर्को कुनै सरकारी निकायको नाममा प्राप्त गर्दा यस अनुसूची बमोजिमको कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन। |
| १६. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै सरकारी निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै पनि सरकारी निकायले खरिद गरी लिएमा यस अनुसूची बमोजिमको कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन। |
| १७. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणालीमार्फत रेमिट्यान्स प्राप्त भएको बैङ्कको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेसन शुल्क छुट दिइनेछ। |

| | |
|---|---|
| | तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागु हुनेछैन। |
| १८. | यस अनुसूचीको प्रयोजनको लागि "तराई क्षेत्र" भन्नाले तराई र भित्री मधेशका जिल्लाहरू सम्झनु पर्छ । |
| १९. | यस अनुसूचीको प्रयोजनका लागि "राप्ती उपत्यका (देउखुरी) क्षेत्र" भन्नाले दाङ जिल्लाको राप्ती गाउँपालिका क्षेत्र र गढवा गाउँपालिकाको वडा नं. १, २ र ३ को क्षेत्रलाई सम्झनु पर्छ । |
| २०. | पहिले कारोबार भएको थैली अङ्कभन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन।<br>**स्पष्टीकरण**: पहिले कारोबार भएको थैली अङ्क भन्नाले बन्धकी लिखतमा उल्लेख भएको थैली अङ्क बाहेकलाई जनाउँनेछ। |
| २१. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सो अन्तर्गतका निकायहरुले जग्गा विकास कार्यक्रम अनुसार घडेरी विकास गरी सम्बन्धित जग्गा धनीलाई नै फिर्ता गर्दा पारित गरिने लिखतहरुमा लाग्ने रजिस्ट्रेशन दस्तुर छुट हुनेछ । |

अनुसूची-२
(दफा ३ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**सवारी साधन कर र सवारी सम्बन्धी शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था**

(क) सवारी साधन करः

| क्र.स. | सवारीको किसिम | वार्षिक करको दर (रु.) मा. |
|---|---|---|
| १. निजी सवारी साधानमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ | | |
| | (क) कार, जिप, भ्यान वा माईक्रो बस | |
| | (अ) १००० सी.सी. सम्म | २२०००/- |
| | (आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म | २५०००/- |
| | (इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म | २७०००/- |
| | (ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी. सम्म | ३७०००/- |
| | (उ) २५०० सी.सी. भन्दा माथि ३००० सी.सी. सम्म | ५००००/- |
| | (ऊ) ३००० सी.सी. भन्दा माथि ३५०० सी.सी. सम्म | ६००००/- |
| | (ए) ३५०० सी.सी. भन्दा माथि सबै | ६५०००/- |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर वा क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, वा क्रेन जस्ता मेशिनरी उपकरण | ४००००/- |

| | | |
|---|---|---|
| | (आ) ट्रिपर | ३९०००/- |
| | (इ) मिनिट्रिपर | ३३०००/- |
| | **(ग) थ्रि ह्वीलर, टेम्पो, ई-रिक्सा, ट्रेक्टर वा पावर ट्रिलर** | |
| | (अ) थ्रि ह्वीलर टेम्पो | ६०००/- |
| | (आ) थ्रि ह्वीलर ई-रिक्सा, ई-टेम्पो | ५०००/- |
| | (इ) हारबेष्टर र ट्रेक्टर | |
| | (१) कम्बाइन हारबेष्टर | ५०००/- |
| | (२) ट्रेक्टर | ९०००/- |
| | (ई) पावर ट्रिलर | ४५००/- |
| | **(घ) मिनिट्रक वा मिनिबस** | २७०००/- |
| | **(ङ) ट्रक, ट्याङ्कर वा बस** | ३५०००/- |
| | **(च) मोटरसाईकल वा स्कुटर** | |
| | (अ) १२५ सी.सी. सम्म | ३०००/- |
| | (आ) १२५ सी.सी. भन्दा माथि १५० सी.सी. सम्म | ५०००/- |
| | (इ) १५० सी.सी. भन्दा माथि २२५ सी.सी. सम्म | ६५००/- |
| | (ई) २२५ सी.सी. भन्दा माथि ४०० सी.सी. सम्म | ११०००/- |

| | | |
|---|---|---|
| | (उ) ४०० सी.सी. भन्दा माथि ६५० सी.सी. सम्म | २००००/- |
| | (ऊ) ६५० सी.सी. भन्दा माथि सबै | ३००००/- |
| | **(छ) निजी विद्युतीय सवारी साधनमा** | |
| | **(अ) मोटरसाईकल वा स्कुटर** | |
| | (१) ५०० वाट सम्म | छुट |
| | (२) ५०० वाट भन्दा माथि १००० वाट सम्म | २५००/- |
| | (३) १००० वाट भन्दा माथि १५०० वाट सम्म | ३०००/- |
| | (४) १५०० वाट भन्दा माथि सबै | ३५००/- |
| | **(आ) कार, जीप, भ्यान, माईक्रोबस, बस वा अन्य** | |
| | (१) ५० किलोवाट सम्म | ११०००/- |
| | (२) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म | १७०००/- |
| | (३) १२५ किलोवाट भन्दा माथि २२५ किलोवाट सम्म | २२०००/- |
| | (४) २२५ किलोवाट भन्दा माथि सबै | ३५०००/- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ** | | |
| | **(क) कार, जिप, भ्यान वा माईक्रो बस** | |
| | (अ) १००० सी.सी. सम्म | ११०००/- |

| | | |
|---|---|---|
| | (आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म | १२५००/- |
| | (इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म | १३५००/- |
| | (ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी. सम्म | १४५००/- |
| | (उ) २५०० सी.सी. भन्दा माथि ३००० सी.सी. सम्म | १६५००/- |
| | (ऊ) ३००० सी.सी. भन्दा माथि ३५०० सी.सी. सम्म | १७५००/- |
| | (ए) ३५०० सी.सी. भन्दा माथि ४००० सी.सी. सम्म | १९०००/- |
| | (ऐ) ४००० सी.सी. भन्दा माथि सबै | २२०००/- |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर वा क्रेन जस्ता मेशिनरी उपकरण | २१०००/- |
| | (ग) थ्रि ह्वीलर र टेम्पो | ५०००/- |
| | (घ) ट्रेक्टर | ६०००/- |
| | (ङ) पावर ट्रिलर | ४५००/- |
| | (च) मिनिट्रक वा मिनिबस | १५०००/- |
| | (छ) मिनि ट्रिपर | १८०००/- |
| | (ज) ट्रक, टयाङ्कर वा बस | २००००/- |
| | (झ) तेल टयाङ्कर | २२०००/- |

| | | |
|---|---|---|
| | (ञ) ग्यास बुलेट | २५०००/- |
| | (ट) विद्युतीय सवारी साधन | |
| | अ) २० किलोवाट सम्म | ३५००/- |
| | आ) २० किलोवाट भन्दा माथि ५० किलोवाट सम्म | ४०००/- |
| | इ) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म | ६०००/- |
| | ई) १२५ किलोवाट भन्दा माथि २०० किलोवाट सम्म | ११०००/- |
| | उ) २०० किलोवाट भन्दा सबै | १६०००/- |
| ३. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएका र पर्यटक सवारी वा सार्वजनिक संस्थानका नाममा दर्ता भएका सवारी साधनलाई भाडामा दर्ता भएका सवारी साधन सरह सवारी साधन कर लाग्नेछ। | |
| ४. | भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालित सवारी साधनको सवारी साधन करमा पचास प्रतिशत र विद्युतीय माध्यमबाट सञ्चालित निजी सवारी साधनको सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। | |
| ५. | सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर लाग्नेछ। व्यापार मौज्दातमा रहेका सवारी साधनहरुमा यस्तो कर लाग्ने छैन।<br>तर मौज्दात प्रमाणित सम्बन्धित कार्यालयले गर्नुपर्नेछ। | |
| ६. | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनलाई लाग्ने सवारी साधन करमा चौध वर्ष भन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर त्यस्तो सवारी साधनको | |

| | |
|---|---|
| | कुल कर रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमको दोब्बरभन्दा बढी हुने छैन। बीस वर्षभन्दा पुराना कुनै पनि सवारी साधनको स्वामित्व परिवर्तन गरिनेछैन। |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा जनआन्दोलनका घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारीसाधनका धनीले तोकिएको करमा चालीस प्रतिशत छुट पाउनेछन्। छुट सुविधा पाउने सवारी साधनले छुट पाउने वर्ग खुलेको स्टिकर/सूचना त्यस्तो सवारी साधनमा टाँसेको हुनुपर्नेछ। प्रदेश सरकारको कुनै निकायबाट अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाईएमा वा स्टिकर/सूचना टाँसेको नपाइएमा छुट दिएको रकम र सोही बराबर जरिबाना गरी असुलउपर गरिनेछ। |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट तीनवर्षको लागि अग्रिम रूपमा बुझाउन सक्नेछन्। त्यसरी अग्रिम रूपमा तीन वर्षको एकमुष्ठ कर र नवीकरण दस्तुर भुक्तानी गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ। |
| ९. | सार्वजनिक सङ्ग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्ष भन्दा पुराना सवारी साधनलाई वार्षिक रूपमा कुनै कर लाग्ने छैन। यातायात व्यवस्था कार्यालयहरुबाट लगत कट्टा भएका सवारी साधनले फुड कोर्टको रुपमा प्रयोग गर्दा सवारी साधन कर लाग्ने छैन। |
| १०. | क्र. सं. १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स र शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |

| | |
|---|---|
| ११. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १२. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर, यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकहरूलाई दिइने छैन। |
| १३. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको सवारी साधन कर लाग्ने छैन। तर अन्य शुल्क लाग्नेछ। |
| १४. | यस अनुसूची बमोजिम एक भन्दा बढी छुट सुविधा पाउन सक्ने अवस्था भएमा आफुले रोजेको कुनै एउटा मात्र छुट सुविधा पाउनेछ । |
| १५. | अन्य प्रदेशमा दर्ता भएका सवारी साधनका धनीले यस प्रदेशमा सवारी दर्ता किताब नवीकरण गर्न चाहेमा यस ऐन बमोजिम निर्धारण गरिएको सवारी कर तथा नवीकरण दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ। |
